श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४६।११।३ को निर्णयानुसार यस मन्त्रालय अन्तर्गत बागवानी विभाग काठमाडौंमा र सो विभाग अन्तर्गत देहायका जिल्लाहरूमा मिति २०४७।४।१ देखि बागवानी विकास शाखाको स्थापना भै संचालन भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(१) पाँचथर (२) इलाम (३) धनकुटा (४) भोजपुर (५) तेन्हथुम (६) खोटाङ (७) ओखलढुङ्गा (८) उदयपुर (९) रामेछाप (१०) सिन्धुली (११) काभ्रेपलान्चोक (१२) भक्तपुर (१३) ललितपुर (१४) काठमाडौं (१५) मकवानपुर (१६) धादिङ (१७) कास्की (१८) गुल्मी (१९) अर्घाखाँची (२०) बाग्लुङ (२१) म्याग्दी (२२) जाजरकोट (२३) अछाम (२४) डोटी (२५) डँडेलधुरा (२६) बैतडी ।

आज्ञाले,
डा. हेरम्बबहादुर राजभण्डारी
श्री ५ को सरकारको का. मु. सचिव

## भूल सुधार

नेपाल राजपत्र खण्ड ४० मिति २०४७।१०।१५ पूर्वातिरिक्ताङ्क ५० (क) भाग ३ मा प्रकाशित यस आयोगको सूचनाको मिति २०४७।११।१५ अतिरिक्ताङ्क ५७ (ग) हुनुपर्नेमा मिति २०४७।१०।१५ पूर्वातिरिक्ताङ्क ५० (क) हुन गएकोले भूलसुधार गरिएको छ ।

निर्वाचन आयोग



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
१२८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।